बैठक मिति: २०८३/५/३०

बैठक संख्या: १३

छलफल तथा निर्णयहरु:

१. मिति २०८३ भदौ १० गते आएको रसुवा भोटेकोशी बाढीको विपद् पछिको आवश्यकता मूल्याङ्कन (Post Disaster Need Assessment, PDNA) गर्न आवश्यक तथ्याङ्ककको लागि Rapid Damage and Needs Assessment (RDNA) तयारीको सिलसिलामा विभिन्न मन्त्रालय, निकाय, संघ-संस्थाबाट प्राप्त तथा तयार गरिएको तथ्याङ्क (Raw Data) समेतको डिजिटल प्रति आयोगलाई उपलब्ध गराउन राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई अनुरोध गर्ने।

२. रसुवा भोटेकोशी बाढीको विपद् पछिको आवश्यकता मूल्याङ्कन (Post Disaster Need Assessment, PDNA) सम्बन्धी कार्यलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसारका कार्यदलहरु आयोगको सचिवालयबाट गठन गर्ने।